


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


❖ वर्ष ३४ ❖ २०७७ फागुन ०६ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 February 18 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७४

## पर्साका चारवटा खोलामा ठेक्का लगाउन अझै समय लाग्ने

प्रस, वीरगंज, ५ फागुन/

पर्साका छवटा खोलामध्ये चारवटा खोलाको ठेक्का लगाउन अझै समय लाग्ने देखिएको छ ।

जिल्ला समन्वय समिति पर्साका आजको बैठकले विभिन्न शर्त पालना गराउन दुवै खोलाका ठेकेदारलाई निर्देशन दिएको छ ।

सभापति अन्सारीले ठेक्का प्रक्रियाको सम्झौता र शर्तविपरीत ठेकेदारले स्वामित्वमा पर्ने गादी खोलाको ठेक्का लाग्न नसकेर बन्द भए तापनि तस्करहरूले ती खोलाबाट अवैधरूपमा नदीजन्य पदार्थको उत्खनन गरी तस्करी गरिरहेका छन् । त्यसैगरी, दुई पालिकाको अधिकार प्रदेश सरकारले स्थानीय पालिकालाई सुम्पेकोमा आगामी वर्षदेखि सबै खोलाको प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन तयार गरी समयमैं ठेक्का लाग्ने बताइएको छ । सभापति



वीरगंज महानगर-३१ स्थित भेडाहा खोलामा बालुवा, ग्रेभल उत्खनन गर्दै । तस्वीरः फाइल

सभापति नेकमहमद अन्सारीका अनुसार चारवटा खोलाको विषयमा प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन (आइइई) स्वीकृति गराउन समय लाग्ने भएकोले ठेक्का प्रक्रिया पनि लम्बिने उनले बताए । उनका अनुसार पर्सामा अहिले वीरगंज महानगरको स्वामित्वमा पर्ने भेडाहा खोलाको मात्र ठेक्का भई बालुवा, गिट्टी र ढुङ्गा उत्खनन भइरहको छ भने पर्सागढीको सिंगाही खोलाको पनि ठेक्का लागिसकेकोमा केही शर्त मिचिएकाले खोलाबाट नदीजन्य पदार्थ उत्खनन गरी लगेको विभिन्न सञ्चारमाध्यममा आएका समाचारको आधारमा छवटा विभिन्न शर्त पालना गरेर मात्र बालुवा, गिट्टी, ढुङ्गा उत्खनन गर्न निर्देशन दिएको बताए । यदि ती शर्त पालना नभएमा आगामी दिनमा ठेक्का तोडेर आवश्यक कानूनी कारबाहीको लागि चेतावनी पनि दिइएको उनले बताए ।

त्यसैगरी, पर्सागढी नपाको अर्को खोला कर्जनिया, पटेर्वासुगौलीको एकल क्षेत्र पर्ने जमुनिया, भलुवाही खोलामा पनि यस्तै कार्य भइरहेको गाउँलेहरूले बताएका छन् । जमुनिया खोलामा पटेर्वासुगौली र सखुवाप्रसौनी गाउँपालिकाको संयुक्त स्वामित्व पर्छ भने भलुवाहीमा पटेर्वासुगौली र जीराभवानीको । आइइई नभई ठेक्का लाग्न नसकेका चारवटा खोलाको विषयमा यस वर्ष सङ्घीय सरकारले आइइई प्रतिवेदन स्वीकृति गराउन प्रदेश सरकारलाई जिम्मा दिएकोमा त्यो अन्सारीले स्थानीय पालिकाभित्र पर्ने खोलाको हकमा सम्बन्धित पालिकाले पहिले अनुगमन गरी प्रतिवेदन तयार गरे पनि जिल्लास्थित जिल्ला समन्वय समितिको नेतृत्वमा विज्ञहरूको टोलीले अनुगमन गरी प्रतिवेदनलाई स्वीकृति दिएपछि खोलाको टेन्डर प्रक्रिया अघि बढ्ने नियम रहेको छ । चारवटा खोलाको ठेक्का लाग्न नसक्दा स्थानीय पालिकाको वार्षिक करोडौं रुपैयाँ राजस्व गुमिरहेको छ ।

## बाघले तीनजनाको ज्यान लियो, दुईजना घाइते
### सतर्कता अपनाउन खोजी कार्यमा जुटेको टोलीको आग्रह

प्रस, ठोरी, ५ फागुन/

नेपालको सीमासँग जोडिएको भारतीय वाल्मीकि व्याघ्र परियोजनाभित्र रहेको बाघले विगत केही दिनदेखि आतङ्क मचाउन थालेको समाचार आइरहेका बेला भारतीय टोलीले खोजी कार्यलाई तीव्रता दिए तापनि बाघ नभेटिएपछि बाघ नेपाल पसेको हुन सक्ने अनुमान गरिएको हो ।

यसैबीच उक्त बाघ नेपाल पसेको भारतीय टोलीको आशङ्का रहेकोले



बाघको खोजी गर्न वाल्मीकि व्याघ्र परियोजना पुगेको नेपाली टोली । तस्वीरः प्रतीक

नेपाली टोली वाल्मीकि व्याघ्र परियोजनाको कार्यालयमा पुगी चासो देखाएको छ ।

निर्मल-ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेत, चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत पर्ने इच्छानगर रेन्जपोस्टका रेन्जर छत्रबहादुर खड्कासहितको पाँचजनाको नेपाली टोली वाल्मीकि व्याघ्र परियोजना अन्तर्गतको मुग्राहा भन्ने स्थानमा पुगेको छ । नेपाली टोलीले बाघको खोजी कार्यमा खटिएको भारतीय सरकारी टोलीसँग भेट गरी सत्यतथ्य कुरा बुझेको निर्मल-ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बस्नेतले जानकारी दिए । अध्यक्ष बस्नेतका अनुसार वाल्मीकि व्याघ्र परियोजनामा रहेको बाघले केही दिनभित्रै तीनजनाको ज्यान लिइसकेको छ भने दुईजनालाई गम्भीर घाइते बनाएको छ ।

बस्नेतले बताए अनुसार वाल्मीकि व्याघ्र परियोजनाका अमरेशकुमार मल नेतृत्वको भारतीय टोलीले ८ दिनदेखि उक्त बाघको खोजी कार्य गरिरहेको छ तर उक्त बाघ नभेटिएपछि बाघ नेपाल पसेको हुन सक्ने आशङ्का गरिएको छ । उक्त बाघलाई नियन्त्रणमा लिनको लागि नेपालको जङ्गल आसपासमा रहेका बस्तीहरूमा बसोबास गर्ने सम्पूर्ण नेपालीलाई केही दिन सतर्कता अपनाइ हिंड्डुल तथा निगरानी बढाउन निर्मल-ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बस्नेतले अपील गरेका छन् ।

ठोरी-३ मा केही दिन पहिले आवतजावत गर्ने क्रममा बाघ देखिएको कारण उक्त हिंस्रक बाघ यतैकतै आएको हुन सक्ने वा आउन पनि सक्ने सम्भावना रहेकोले सम्पूर्ण ठोरीवासीलाई सतर्कता अपनाउनसमेत अध्यक्ष बस्नेतले अनुरोध गरेका छन् ।

## ट्रकको ठक्करबाट हरिणको मृत्यु

चितवन, ५ फागुन/रासस

पूर्व-पश्चिम राजमार्गको रत्ननगरमा ट्रकको ठक्करबाट हरिण मरेको छ । रत्ननगर नगरपालिका-९ सिंचाइगोट अगाडि आज बिहान ट्रकले हरिणलाई ठक्कर दिएपछि मरेको हो । जिल्ला प्रहरी कार्यालय चितवनका सूचना अधिकारी

(बाँकी अन्तिम पातामा)

## रिङ्कीको डिएनए परीक्षणबाट प्रेमी पहिचान गरिने

प्रस, परवानीपुर, ६ फागुन/

पर्साको पोखरिया नगरपालिका-९ भिसेरा रिपोर्ट आएको खण्डमा उनको मृत्युको कारण र गर्भवती बनाउने उनको मृत्युमा निजको प्रेमी, घरपरिवार अथवा स्वयम् उनकै संलग्नता छ कि



रिङ्कीका परिवारजन र पोखरियास्थित उनको घर । तस्वीरः प्रतीक

बैरिया टोलकी १६ वर्षीया रिङ्की कुमारीको बच्चाको डिएनए परीक्षणबाट उनलाई गर्भवती बनाउने प्रेमीको पहिचान गर्ने प्रहरीको योजना छ ।

पर्साका एकजना प्रहरी अधिकृतका अनुसार रिङ्कीको मृत्यु भएपछि पेटमा रहेको बच्चाको डिएनए नमूना सङ्कलन गरी परीक्षणको लागि काठमाडौं पठाइएको र डेढ महीनापछि डिएनए र अभियुक्तको पहिचान हुने बताए । गर्भपतन कुन समयमा कसरी गर्ने शिक्षाको अभावमा उक्त किशोरीको एक साताअघि मृत्यु भएको हो ।

गत शुक्रवार बिहान ५ बजे गर्भ तुहाउने औषधि खाएपछि छटपटिएर उनको घरमैं मृत्यु भएको थियो भने अस्पतालमा शल्यपरीक्षण गर्दामा उनको पेटमा ५ महीनाको बच्चा भेटिएपछि भनेर आशङ्का गर्दै अनुसन्धान शुरू गरेको छ ।

अहिले गाउँकै एकजना केटामाथि आशङ्का भएपछि उनी फरार छन् । घरपरिवारले पनि आफूले गर्भ तुहाउने औषधि नखुवाएको बताएका छन् । गाउँलेहरूले पोखरिया आसपासकै पसलबाट औषधि किनेर ल्याइ खुवाइएको आशङ्का गरेका छन् ।

## दैनिक सय रुपैयाँ खर्च गरेर पढ्दै इरफान

प्रस, ठोरी, ५ फागुन/

पर्साको जगरनाथपुर गाउँपालिका-३ खलचडीका १५ वर्षीय इरफान गद्दीले हरेक दिन विद्यालय जानुअघि पैसाको जोहो गर्नुपर्छ । घरदेखि टाढा रहेको विद्यालयमा पढ्न सार्वजनिक जीप चढेर पोखरिया नगरपालिका आउनुपर्छ । पढ्नकै लागि उनले गाडी भाडाबापत दैनिक रु एक सय खर्च गर्नुपर्ने बताए ।

उनको गाउँ खलचडीमा माध्यमिक तहसम्म पढाइ हुने विद्यालय नहुँदा १० कक्षा अध्ययनरत इरफान २०७६ सालदेखि दैनिक रु एक सय गाडी भाडा तिरेर पढ्न बाध्य छन् ।

जगरनाथपुर गापाको जानकीटोलाबाट उनको गाउँसम्म एउटा जीप जान्छ, उनी सोही जीपमा चढेर पोखरिया नगरपालिकामा रहेको महोवनी पद्म माविमा पढ्न जान्छन् ।

गाउँनजीकै विद्यालय नहुँदा गाडी भाडा र खाजा खर्चका लागि उनका अभिभावकले दैनिक रु १२० खर्च दिने गरेको इरफानले बताए ।

बिहान ८ बजे खाना खाएर जीप चढ्ने इरफान करीब ९:३० बजे विद्यालय पुग्छन् । घरदेखि विद्यालयको बाटो टाढा



टिफिनमैं विद्यालय छाडेर जीप चढ्न जाँदै इरफान । तस्वीरः प्रतीक

भएकोले साइकलबाट ओहोरदोहोर गर्न सम्भव छैन । उनको गाउँ जाने जीप ३ बजेअघि नै पोखरियाबाट छुट्ने भएकोले पूरा समय पनि विद्यालयमा पढ्न भ्याउँदैनन् ।

मध्यम आर्थिक अवस्था भएको उनको परिवारमा ६ भाइ/छोरामध्ये उनी काइँलो हुन् ।

प्रहरी बन्ने उद्देश्य लिएका इरफान पढाइमा पनि मेहनती रहेको शिक्षक सुबोध पासवानले बताए ।

**सहयोग अत्यन्त महँगो चीज हो । सबैसँग यसको आस गर्नुहुँदैन, किनकि सबै मानिस मनका धनी हुँदैनन् ।**

**-विचारसार एवं सूक्तिहरू**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# माल भएर चाल नपाएको वीरगंज

**वीरगंज महानगर भयो । महानगर पहिले यसले औद्योगिक नगरी, आर्थिक नगरी, कहिले शिक्षा हब, कहिले चिकित्सा हबजस्ता थुप्रै विशेषण पायो । आफ्नो वा अरूकै लगानीमा भएपनि सडक बनिरहेका छन्, उज्यालो वीरगंजको पूर्वाधार तयार पारिँदै छ । महानगरमा गाभिएका ग्रामीण क्षेत्रमा ऐलानी जग्गा पहिचान गरी भोलिका लागि हरित उद्यान, खेलकूद मैदान, अन्य आवश्यक संरचना बनाउने गरी सुरक्षा प्रदान गर्ने कार्यक्रम कार्यान्वयनमा छ । सरकारले पनि यसको महत्त्व बुझेर सुक्खा बन्दरगाह बनाइदिएको छ, एकीकृत भन्सार जाँच चौकी बनाइदिएको छ । कतिसम्म भने नाममात्रको एउटा रेलवे भएको मुलुकमा सुक्खा बन्दरगाहसम्म भारतीय रेल पनि हुलिदिएको छ । अग्ला–अग्ला भवन छन्, सडकहरू चिल्लो हुँदै गएका छन् । टोलटोलमा सरकारी र निजी विद्यालयहरू छन् । मानिसको जीवनस्तर उकासिएको छ । हेर्दा निर्धो देखिने मानिससँग पनि आधुनिक सुविधाका सामलहरू देखिन्छ । हातहातमा मोबाइल मात्र होइन, स्मार्ट फोन नै देखिन्छ । बाहिरबाट हेर्दा वीरगंज सम्पन्नहरूको नगर भइसकेको छ । गरीखानेका लागि पनि अवसरको उपलब्धता त्यतिकै रहेको छ ।**

**तर शहरमा बस्ने मानिसलाई के–के नपुगेजस्तो भइरहेको छ । शहरमा साज–शृङ्गार छ, बाह्य कुरामा कुनै कमी छैन तर शहरमा आत्मा देखिन्न । कुनै पनि शहरको आत्मा भनेको त्यहाँको कला, संस्कृति, साहित्य, रङ्गमञ्च, खेलकूद, मनोरञ्जनका सामल आदि हुन् । यी सबैको यहाँ अभाव छ, त्यसैले यो शहर अति राम्रो पहिरनमा सजिएको बुख्याचा मात्र लाग्दछ । यस्तो पनि होइन कि यहाँ यी चीजको सर्वथा होस् । साहित्यकार र साहित्यानुरागीहरू छन्, तिनका लागि आवश्यक संस्थाहरू पनि छन्, नाचगानमा प्रवीणता प्राप्त गर्ने निजी प्रयास पनि भएका छन् । बाँझो जग्गामा उत्साही खेलाडीहरू क्रिकेट, फूटबल खेलिरहेका देखिन्छन् । अति लोकप्रिय फूटबल प्रतियोगिताहरू आयोजना गर्ने संस्थाहरू पनि छन् । यी सबै संस्थाहरूसँग आआफ्नो क्षेत्रको कार्यक्रम आयोजना गर्न पूँजी पनि छ । तर सबै संस्था अर्धचेत अवस्थामा छन् । संस्था छ, पदाधिकारीहरू पनि छन्, रकम पनि छ, तर एउटा एनेस्थियाजन्य आलस्य सबैमा व्याप्त छ । भाङ खाएर होश चाहिं नगुमाएको तर शरीर चलायमान राख्न नसक्ने विवशतामा सबै बाँचेका छन् । गर्न चाहनेले अवसर र स्थान पाइरहेको छैन, अवसर र स्थान हुनेसँग गर्ने जाँगर वा समय छैन ।**

**आज वीरगंजबाट युवा पुस्ता बाहिर भागिरहेको छ । बाहिर भाग्नु हाम्रो सन्दर्भमा वैदेशिक रोजगारमा जानु हो । तर वीरगंजको युवा पुस्ता शिक्षाको लागि, उचित अवसरको प्राप्तिका लागि, विदेश होइन, राजधानी शहर हुइँकिँदै छ । वीरगंजमा सबै सुविधा छ, राम्रा विद्यालयहरू छन्, अस्पताल छन्, छैन भने प्राणमय वातावरण । अर्थोपार्जनका लागि मेशिनजस्तै जोतिने समुदायको बाहुल्य छ । जो अँध्यारो कोठामा बसेर एसीको शीतल र तातो हावामा मौसम अनुसार शारीरिक आनन्द लिन्छ, मनको आनन्दले उसलाई स्पर्श नै गर्न सकेको छैन । बेलुकी मदिराको मातमा रमाउन सिकेको वीरगंजवासीलाई सङ्गीतको लयमा निहित अपरिमित स्वादको अनुभूति नै छैन । सिनेमाबाट बाहिरी जनजीवनको हलचल थाहा पाउँछ, आफ्नै रङ्गमञ्चको प्रस्तुतीकरण पाउँदैन । अनि व्याकुल युवा हृदय यी सबको खोजीमा घर छाड्छ । उसलाई आत्मीयताले बाँध्ने कुनै जन्जीर यहाँ छैन ।**

# कोलाहलसँगै बढ्दो सांस्कृतिक हस्तक्षेप

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**कम्तीमा यस्तो वातावरण त अवश्य सिर्जना हुनुपर्दछ कि संस्कृति मान्न सकियोस् । संस्कृतिलाई असर नपार्ने तथा वातावरणमा पनि ध्वनि प्रदूषण भएर अरूको कामलाई प्रभावित नपारियोस्, मानिसको निद्रामाथि हस्तक्षेप नहोस् ।**

सार्वजनिक ठाउँहरूमा निरन्तर कोलाहल बढिरहेको छ । मुख्यगरी सडक चाहिं कोलाहलको केन्द्र बन्दै गएको छ । मानवबस्ती जति धेरै बाक्लो रहेको छ, जति धेरै सुविधासम्पन्न नागरिकको बसोबास रहेको छ, उति नै धेरै सडकमा कोलाहल हुने गरेको छ । कोलाहलको प्रकृति दुई किसिमका छन्– व्यक्तिगत र सामूहिक वा सार्वजनिक । कोलाहलको मूलमा भने बढी मात्रामा संस्कृतिकै पक्ष रहेको देखिन्छ । सामान्यतया व्यक्तिगत वा पारिवारिक सांस्कृतिक कार्यहरू विवाह, कुलदेवताको पूजा, छठियार, जनेऊ (व्रतबन्ध), मुण्डनको समयलाई लिन सकिन्छ । यसैगरी उद्योगहरूमा गरिने पूजालाई पनि यहाँ जोड्न सकिन्छ । सार्वजनिक सांस्कृतिक कार्यक्रमहरू भनेका विद्यालय तथा क्याम्पस र अन्य सार्वजनिक तथा सामाजिक संस्थाहरूले गर्ने सार्वजनिक सांस्कृतिक उत्सव वा पूजालाई लिन सकिन्छ । सरस्वती पूजा, विश्वकर्मा पूजाजस्ता सांस्कृतिक कार्यहरूले के कसरी ध्वनि प्रदूषण गरिरहेका छन् भन्ने विषयमा अझै सामाजिक बहस हुन सकेको छैन । यस विषयमा अब बहस गर्न ढिलो भइसकेको छ ।

हुनत सडकमा गुड्ने अनेक किसिमका सवारीसाधनले दुई किसिमले ध्वनि प्रदूषण बढाइरहेका छन् । पहिले त त्यसको इन्जिनबाट आएको आवाज ठूलो हुन्छ । इन्जिनकै आवाज यति चर्को हुन्छ कि कान खाइरहेको हुन्छ । दोस्रो चाहिं हर्नको आवाज हो । हर्न यति धेरै ठूलो चर्को हुन्छ कि कानको पर्दा च्यातेर मुटु नै हल्लाएको जस्तो हुन्छ । अझ यसमा थपिन्छ गाडीको थप आवाज । मुख्यगरी टच्याक्टरको टेलरले दिने आवाज यति धेरै चर्को हुन्छ कि त्यसको हरहिसाब हुँदैन । विभिन्न गाडीका हर्नको चर्कोपन झन् झन् बढ्दै गएको छ । पहिलेको भन्दा झन् चर्को भइरहेको छ । एक किसिमले चर्कोको लागि प्रतिस्पर्धा भएजस्तो लाग्दछ । वास्तवमा जति धेरै चर्को आवाज हुन्छ, उति धेरै टाढा सुनिन्छ कि नजीकै रहे पनि अर्को इन्जिन वा अन्य आवाजलाई काटेर आफ्नो सुनियोस् भनेर यस प्रकारको ठूलो वा तीखो आवाजयुक्त लगाइन्छ कि ? जुनसुकै कारणले भएपनि उद्देश्य त अरूलाई आवाज सुनाउनु हो, जसले गर्दा सडक खाली होओस् र जान सजिलो होओस् ।

डिजे निकै चर्को स्वरमा बजाइनु अहिलेको सांस्कृतिक पहिचान भइसकेको छ । कुनै घरमा डिजे बजिरहेको छ भन्नुको अर्थ हो, त्यस घरमा कुनै विशेष काम भइरहेको छ, जुन संस्कृतिसित सम्बन्धित छ । कुनै राजनीतिक कार्यक्रममा पनि डिजेको प्रयोग भएको हुन्छ । उसो त डिजेवालाहरूले आफ्नो डिजेको विज्ञापन पनि झन् चर्को आवाजमा डिजे बजाएर गर्दछन् । नयाँ उत्पादनको सामान, नयाँ अस्पताल वा डाक्टर, कतै कुनै यज्ञ वा महायज्ञ, मेला, कुस्ती, क्रिकेटजस्ता खेलकूद आदिको प्रचारप्रसार विभिन्न एफएम रेडियोसँगै डिजे बाजाको माध्यमबाट पनि गरिन्छ । यस प्रकारका प्रचार सामग्री अझ त्यहीं बढी जोडले बजाइन्छ, जहाँ मानिसको भीड बढी होओस् वा बाक्लो घना बस्ती होओस् । अझ विद्यालय र क्याम्पस सञ्चालन भइरहेको ठाउँमा सामान्यभन्दा हिंडाइको गतिलाई कम गरी वा केहीबेर रोकेर झन् ठूलो चर्को स्वर गरी डिजे बजाउँछन् ।

डिजे बजाउँदा त्यसको स्वरले के कस्तो प्रभाव उत्पन्न गर्दछ ? विद्यालय तथा क्याम्पसमा कक्षा सञ्चालनलाई अवरुद्ध पार्दछ । अझ कहिलेकाहीं त शिक्षक र विद्यार्थीले पचाउन गाऱ्हो हुने वा नराम्रो अर्थ लाग्ने गीत बजाएको हुन्छ । कतिपय अवस्थामा त शिर नै निहुराउनुपर्ने हुन्छ । एक त असान्दर्भिक गीत, दोस्रो, कक्षाको वातावरण नै बिथोलिने तथा तेस्रो, मुटु नै थर्किने गरी चर्को स्वर । कहिलेकाहीं त दर्जनौंपटक यस्तो व्यवहार दोहोरिन्छ, जसले गर्दा शिक्षकको सिकाउने मनस्थिति र विद्यार्थीको सिक्ने मनोविज्ञान दुवैलाई प्रभावित पार्दछ । कहिलेकाहीं शिक्षण सिकाइ क्रियाकलापको वातावरणलाई बिगार्ने गरी डिजेको चर्को स्वरसँगै गरिएको नाचको व्यवस्था पनि हुन्छ । डिजेसँगै एक वा एकभन्दा बढी कलाकारले गीतको भावसित मिलोस् वा नमिलोस्, धेरैको नजर आफूतिर तान्ने गरी नृत्य गरिरहेका हुन्छन् । यदि नृत्य गरिएको डिजे छ भने त्यो डिजे गएको केहीबेरसम्म कक्षाको माहोल प्रतिकूल हुन्छ र जतिखेरसम्म त्यो नृत्य प्रस्तुति भइरहन्छ, त्यत्तिखेरसम्म कक्षाको वातावरणलाई कुनै पनि मूल्यमा सम्हाल्न सकिने हुँदैन ।

आफूले बजाएको डिजेले अरूलाई के कति क्षति पुऱ्याएको छ भन्ने विषयमा विचार पुऱ्याउन सकेको पाइँदैन । तर के पनि विश्लेषण गरिएको पाइन्छ भने चर्को डिजे वा अन्य कडा ध्वनि प्रदूषण बढाउने सामग्रीले जनजीवनका विभिन्न पक्षमाथि हस्तक्षेप बढाउनुका साथै संस्कृतिमाथि पनि हस्तक्षेप गरेको देखिएको छ । संस्कृति र परम्परामाथि हस्तक्षेप भएको र डिजेले झन् विस्तार गरेको आरोप पनि रहेको छ । आरोप लगाउनेले कस्तो तर्क गरेका छन् भने पहिले डिजे नहुँदा पूजा, विवाह वा अन्य सांस्कृतिक कार्यमा प्रत्यक्षरूपमा मानिसको सहभागिता हुने गरेको थियो । जस्तो कि सबै किसिमका गीत मानिसले नै गाउने गर्दथे तर अहिले सबै गीत डिजेले गाइदिएको छ र गीत गाउने मानिसले चाहिं आफूलाई उत्साहपूर्वक गीतको नृत्यमा सहभागिता जनाउने गरेका छन् । पहिले गीत संस्कृति निर्वाहका लागि हुन्थ्यो, जसमा विधि अनुसारको हार्दिकता हुन्थ्यो तर अहिले चाहिं गीत चाहिं नृत्यका लागि तथा विधि–व्यवहार चाहिं प्रदर्शनका लागि हुन थालेको छ । संस्कृतिबाट हार्दिकता हराउन थालेको छ । पूजा वा विवाह जस्ता संस्कृतिमा परम्परादेखि गरिने कतिपय विधि–व्यवहार चाहिं डिजेको कारणले लोप हुने हो कि भन्ने खतरा बढ्न थालेको पनि आरोप लाग्न थालेको छ ।

डिजेको कारणले एकातिर लोकगीत तथा लोकसंस्कृतिमाथि खतरा बढेको छ भने अर्कोतिर डिजेमाथि यति धेरै निर्भरता बढेको छ कि यो नभई संस्कृति निर्वाहमा पनि समस्या हुने सम्भावना बढ्दै गएको छ । अझै केही वर्ष डिजेको प्रयोग यसैगरी निर्बाधरूपमा भइरह्यो भने धेरै किसिमका परम्परागत संस्कृति हराउने तथा डिजे बजाउनेले गरेजस्तै गर्ने गरी परम्परा निर्वाहको नयाँ दौर शुरू हुने सम्भावना रहेको छ । यसले गर्दा रैथाने संस्कृति र यसभित्रको मौलिकता झन् हराउने खतरा बढेको छ । यदि अचानक डिजे रोकिन पुग्यो वा बोलाइएको डिजे कुनै विशेष कारणले समयमा आउन सकेन वा आउनै सकेन भने संस्कृति मान्ने कि नमान्ने वा कसरी मान्ने भन्ने प्रश्न खडा हुन सकिने सम्भावनातर्फ पनि सङ्केत गरेको छ । यसको अर्को प्रभाव यो पनि देखिएको छ कि रैथाने संस्कृतिको विषयमा विशेष जानकारी राख्नेहरूको मूल्य र महत्त्व कम हुँदैछ, तिनीहरूको बारेमा चासो कम हुँदैछ, तिनीहरूको व्यावसायिक क्षमता कम हुन थालेको र सोधपूछ कम हुन पुग्नुले नयाँ पुस्तामा त्यस प्रकारको जानकारीको लागि आकर्षण कम हुन थालेको पाइएको छ । चर्को डिजेको हस्तक्षेप यसरी बढेको छ कि अब सांस्कृतिक कार्यहरूमा कुनै विशेष जान्ने मानिसको खोजीभन्दा डिजेको खोजी बढी हुन थालेको छ । संस्कृति र सांस्कृतिक कार्यमा डिजेको प्रवेश यसरी भएको छ मानौं यो त्यसको विशेष अङ्ग हो र अहिले नै परिस्थिति यस्तो बनिसकेको छ कि डिजेविना संस्कृति निर्वाह गर्न नसकिएला कि ? के डिजे नहुँदा हाम्रा संस्कृतिहरू मनाइन्नथे ? मानिन्नथे ?

अहिले संस्कृतिमा डिजे अनिवार्य चाहिने र डिजे जति धेरै शक्तिशाली भयो, उति धेरै राम्रो मानिने मानसिकताको विकास भइरहेको छ । यसले गर्दा झन् झन् चर्को आवाज दिने डिजे समाजमा भित्रिइरहेको छ र हरेक घरपरिवारले मेरो घरपरिवारमा यो एकचोटि त हो नि । यो पर्व वर्षको एकपटक आउने त हो नि । फलानो पर्वमा बजाउन हुने र फलानो पर्वमा नहुने, किन ? फलानोले बजाउँदा विरोध नहुने र मेरो वा हाम्रो कार्यको विरोध हुने, किन ? भन्नेजस्ता प्रश्नहरू आउन थाल्दछन् ।

कम्तीमा यस्तो वातावरण त अवश्य सिर्जना हुनुपर्दछ कि संस्कृति मान्न सकियोस् । संस्कृतिलाई असर नपार्ने तथा वातावरणमा पनि ध्वनि प्रदूषण भएर अरूको कामलाई प्रभावित नपारियोस्, मानिसको निद्रामाथि हस्तक्षेप नहोस् । नवजात शिशुमाथि त्यस प्रकारको चर्को आवाजले कस्तो असर पारिरहेको छ भन्ने विषयमा कसैले विचार पुऱ्याएको देखिन्न । सबै प्रकारका ठूला आवाज निकाल्ने साधनमाथि अध्ययन हुनु जरुरी छ । चर्को आवाजलाई नियन्त्रण गरिनु पनि आवश्यक भइसकेको छ ।

# विद्युतीय चुलोसम्बन्धी अभिमुखीकरण तथा प्रदर्शनी

प्रस, निजगढ, ५ फागुन/

विद्युतीय चुलोसम्बन्धी अभिमुखीकरण तथा प्रदर्शनी निजगढमा बुधवार सम्पन्न भएको छ ।

कार्यक्रममा निजगढका प्रमुख सुरेशकुमार खनालले विद्युतीय चुलो मानव स्वास्थ्यको लागि अति उपयोगी भएको बताए ।

बाराका स्थानीय पालिकाहरूमध्ये विद्युतीय चुलो पालिकावासीलाई उपलब्ध गराउने पहिलो नगरपालिका निजगढ रहेको उनले बताए । हामीले निजगढलाई स्मार्ट सिटी बनाउने भनिरहँदा समय सुहाउँदो प्रविधिलाई प्रयोगमा ल्याउनुपर्ने भएकोले नगरपालिकाको तर्फबाट सो चुलोको लागि उपभोक्ताले रु एक हजार, वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र/नेपाल नवीकरणीय ऊर्जा कार्यक्रमले ६० प्रतिशत र बाँकी निजगढ नपाले बेहोर्ने गरी सो चुलो नगरवासीलाई सहजरूपमा उपलब्ध गराउने योजना अघि बढेको नगरप्रमुख खनालले जानकारी दिए ।

आवश्यक विद्युत् वायरिङसहित प्रतिचुलो ४ हजार २२३ रुपैयाँ लागत लाग्ने वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रका सहायक निर्देशक मुकेश घिमिरेले जानकारी दिए ।




तस्वीरः प्रतीक

निजगढको लागि यस वर्ष १ हजार थान विद्युतीय चुलो तीन महीनाभित्र वितरण गर्ने योजना रहेको जनाउँदै कोभिड–१९ अघि नै वितरण गर्ने योजना रहे पनि ढिलाइ भएको उनले बताए ।

कार्यक्रममा विद्युतीय चुलो कसरी प्रयोग गर्ने, यसका फाइदालगायत अन्य प्राविधिक ज्ञानसमेत सहभागीहरूलाई दिइएको थियो ।

कार्यक्रममा निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीले विद्युतीय चुलो प्रयोगबाट परम्परागतरूपमा दाउरा, गुइँठा बालेर खाना पकाउने समस्या न्यूनीकरण मात्र नभई धूवाँका कारण चुलोमा काम गर्नेहरूका स्वास्थ्यमा पर्न सक्ने समस्यालाई समेत निरूपण गर्ने बताए । उनले विद्युतीय चुलोबाट वायु प्रदूषण न्यूनीकरण हुने र वनजङ्गलको विनाश पनि न्यूनीकरण हुने बताए ।

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र/नेपाल नवीकरणीय ऊर्जा कार्यक्रमको आयोजनामा सो कार्यक्रम भएको हो । कार्यक्रमको सञ्चालक निजगढ नपाका अधिकृत रविन घिमिरेले गरेका थिए ।

कार्यक्रममा एक सयभन्दा बढी महिलाको सहभागिता थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वन्यजन्तुबाट बाली जोगाउन बिजुली बत्ती र बुख्याचाको प्रयोग

प्रस, महोत्तरी, ५ फागुन/

सघन तरकारीखेती गरिने महोत्तरीका उत्तरी क्षेत्र बर्दिवास, गौशाला, भङ्गाहा र औरहीसहित छिमेकी नपाएको उनले विगत सम्झिए। महतोले अगाडि भने, "यसपालि हिउँदमा चाहिं तरकारी बारीमा तीन/चार ठाउँमा बिजुली बालेर बुख्याचा ठड्याएपछि अलि लाठी बोकेको बुख्याचालाई देखेपछि मान्छे ठानेर बँदेल र नीलगाई बेपत्ता भाग्दा रहेछन्," बर्दिवास-६ मनहरिपुरका तरकारी किसान विशेश्वर पटेलले

किसानले खेतखेतमा बिजुली बालेपछि जतातत्तै उज्यालो देखिन थालेको छ। बुख्याचा र बिजुलीले वन्यजन्तुबाट मात्रै होइन पाकेको फल तथा बाली चोर्ने





तस्वीरः सौजन्य

जिल्ला धनुषाको मिथिला र क्षीरेश्वर नगरपालिका एवं बटेश्वरलगायत स्थानका खेत-खेतमा बिजुली बत्ती र बुख्याचा राखिएका छन्। रातको समयमा वन्यजन्तु बस्तीमा प्रवेश गरेर बाली नष्ट गर्नबाट जोगाउन किसानले यसो गरेका हुन्।

खेतबारीका कुनाकुनामा बिजुली बालेर ठाउँठाउँमा बुख्याचा ठड्याइएपछि महोत्तरीका किसानले वन्यजन्तुको उपद्रोबाट राहत महसूस गरेका छन्। बँदेल, दुम्सी, नीलगाई, बाँदरलगायतका वन्यजन्तुले बाली सखाप पारेपछि पिरोलिएका किसानले खेतबारीमा बिजुली बत्ती बालेर बुख्याचा ठड्याएपछि राहत भएको बताएका छन्।

जङ्गली जनावरमा पनि सबैभन्दा बढी बँदेलले बालीमा क्षति पुऱ्याउने गरेको बर्दिवास नगरपालिका-९ पशुपतिनगरका किसान महेन्द्र महतोले बताए। हरेक रात जङ्गली जनावर बस्तीमा पस्ने हुँदा किसानले कुनै रात आनन्दले सुत्न राहत भएको छ।" बत्ती र बुख्याचा देखेपछि जनावरले मानिस बसेको भन्ठानेर त्यसतर्फ नआउने किसानको भनाइ छ।

पछिल्ला केही वर्षयता महोत्तरीमा वन क्षेत्रबाट जिल्लाको भारतीय सीमावर्ती भेगसम्म नीलगाई र बँदेल बस्ती-बस्ती पसेर बालीनाली नोक्सान गरेपछि किसान आहत हुँदै आएका छन्।

बँदेल र नीलगाई सुदूर दक्षिणी भेगसम्म देखिएका छन्। दिनभरि घारीतिर लुकेर रात परेपछि खेतमा पसेर तरकारी बाली, गहुँ, उखु र केरा बालीसमेत बर्बाद पारेर किसान हैरान परेको बेला नयाँ उपायले किसानलाई राहत मिलेको छ।

खेतमा बुख्याचा राख्ने पुरानो तरीका भएपनि यस क्षेत्रका किसानहरूले नयाँ तरीकाले बुख्याचा राख्ने गरेका छन्। "नजीकै बिजुलीको बल्ब बलेको हुन्छ, अनि हातमा लौरो लिएको बुख्याचा उम्याइएको हुन्छ। बत्तीको उज्यालोमा सुनाए। त्यसैगरी, बारीमा उज्यालो भएपछि जङ्गली जनावर आए, नआएको हेर्न पनि किसानलाई सजिलो हुने गरेको छ। यस उपायबाट पहिलेभन्दा अहिले क्षति निकै कम भएको तरकारी किसानहरू बताउँछन्।

पछिल्लोपटक बर्दिवास नगरक्षेत्रका पशुपतिनगर, बिजलपुरा, मनहरिपुर, प्रेमनगर र कृष्णपुरसहितका बस्तीका किसानले अपनाएको यो तरीका अब जिल्लाका अन्य भेगका किसानले पनि अनुसरण गर्न थालेका छन्।

"बिजलपुरा आफन्त भेट्न गएको थिएँ, त्यहाँ बिजुली र बुख्याचा वन्यजन्तुको क्षति रोक्न प्रभावकारी बनेको देखें," जिल्लाको सुदूरपश्चिमवर्ती गौशाला नगरपालिका-१० बटुवाका किसान लक्ष्मीप्रसाद सिंह कुशवाहाले भने, "आफ्नो बस्तीमा फर्केपछि मैले पनि यो उपाय अपनाएँ, अहिले त धेरै किसानले यसको सिको गरेका छन्, निकै राहत भएको छ।"

चोरहरूसमेत हच्किएका छन्। "उज्यालोमा चोर्न आयो भने अरूले देख्ने र प्रतिकार हुन सक्ने हुँदा चोरीको घटना पनि न्यूनीकरण भएको छ," भङ्गाहाका केराखेती गर्ने रामबालक यादवले बताए। "खेतखेतमा सबैतिर झलमल्ल बिजुलीको उज्यालो हुन्छ, वन्यजन्तु मात्र हैन, यसले चोर्न पल्केका पनि हच्कने छन्," यादवले भने, "खेतमा बिजली बल्न थालेपछि तरकारी चोरेर टिप्ने घटना पनि पातलिएको छ।"

वन्यजन्तुले हैरान बनाएका किसानले यसअघि वन कार्यालय र स्थानीय प्रहरी/प्रशासनलाई थुप्रैपटक गुहारे पनि नियन्त्रणको प्रयास भएको थिएन। अहिले किसानले आफ्नै पहलकदमीमा थालेको 'बुख्याचा' र 'बिजुली' भने अहिलेसम्मकै प्रभावकारी देखिएको छ। खेतमा आएको जङ्गली जनावर लखेट्दा विगतमा कैंयन जनावर मारिन्थे।

हाल किसानले अपनाएको यो नयाँ तरीकाले भने बाली जोगिनुका साथै वन्यजन्तु मारिने घटना पनि कम भएको किसानहरूको भनाइ छ।

# पर्सा र बाराका चार उद्योगमाथि मुद्दा दायर

प्रस, बारा, ५ फागुन/

बारा जिल्लास्थित विभिन्न चारवटा उद्योगमाथि खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय वीरगञ्जले जिल्ला प्रशासन कार्यालय बारामा मुद्दा दायर गरेको छ।

गुणस्तरहीन सामान उत्पादन गरी उपभोक्तालाई ठगेको अभियोगमा मुद्दा दायर गरिएको हो।

बारा जिल्लामा सञ्चालीत कामधेनु डेरी उद्योग, लक्ष्मी डेरी उद्योग, गणपति वनस्पति उद्योग र कुसुम आयल प्रालि विरुद्ध डिभिजन कार्यालयले मुद्दा दायर गरेको जनाएको छ। विगत लामो समयदेखि गुणस्तरहीन सामान उत्पादन गरी उपभोक्ता ठग्दै आइरहेकाले खाद्य ऐन २०२३ र दाना ऐन २०३३ अन्तर्गत ती उद्योगमाथि मुद्दा चलाइएको कार्यालयका खाद्य अनुसन्धान अधिकृत विक्की राउतले बताए।

उद्योगमा उत्पादीत वस्तुको नमूना सङ्कलन गरी प्रयोगशालामा परीक्षण गर्दा अखाद्य वस्तु भेटिएकाले ती उद्योगलाई हदैसम्मको कारबाईको माग गर्दै जिल्ला प्रशासन कार्यालय बारामा मुद्दा दायर गरिएको प्रमुख राउतले जानकारी गराएका छन्। हाल सो कार्यालयमा नयाँ तथा पुराना गरी ६० मुद्दा अनुसन्धानको क्रममा छ। उक्त मुद्दाहरूमा तेल, घ्यू र मसलाजन्य पदार्थको मुद्दा धेरै छ।

डिभिजन कार्यालयले बारा र पर्साका उद्योग तथा बजारको अनुगमन गरी खाद्य नमूना ५५ वटा र दाना नमूना १० वटा सङ्कलन गरी परीक्षणको लागि जनकपुरस्थित प्रयोगशालामा पठाएको जनाएको छ।

यस क्रममा पर्सा बाराका खाद्य उत्पादन उद्योग एवं दाना उत्पादन उद्योगहरूको स्थलगत निरीक्षण गर्दा दूध, तेल, मसला र डेरीजन्य उद्योगमा बढी मिसावट देखिएकाले ती उद्योगमाथि कार्यालयले निगरानी बढाएको छ।

सो कार्यालयले हालसम्म आठपटक संयुक्त अनुगमन तथा १२० पटक एकल अनुगमन गरेको जनाउदै पर्सा र बारामा १२ वटाभन्दा बढी डेरी उद्योगहरू बढि निगरानीमा परेको जनाएको छ। ती उद्योगले पाउडर मिसाएर दूध बनाउने गरेको, नक्कली घ्यू उत्पादन गर्ने जानकारी आएको निरिक्षण अधिकारीहरूले खुलासा गरेका छन्।

त्यसैगरि यस क्षेत्रमा करीब २० वटा पानी उद्योग रहेको र तीमध्ये अधिकांश उद्योग नेपाल सरकारको मापदण्डविपरीत सञ्चालनमा रहेको पाइएको छ।

उद्योगी फरार रहेकाले कार्यालयसँग भएको पुराना मुद्दा टुङ्गिन नसकेको हो। पर्सा र बारा दुई जिल्ला हेर्ने डिभिजन कार्यालय वीरगंजमा एक कार्यालय प्रमुखसहित दुई कर्मचारी मात्र रहेकाले जनशक्ति र सवारी साधानको अभावका कारण पनि समस्या भएको अनुसन्धान अधिकृत राउतले सञ्चारकर्मीलाई बताएका छन्।

# छतबाट खसेर बालकको मृत्यु

प्रस, सप्तरी, ५ फागुन/

आफ्नै घरको छतबाट खसेर बुधवार एकजना बालकको ज्यान गएको छ। सप्तरीको डाक्नेश्वरी नगरपालिका-१० बनौला बस्ने खुशीलाल मण्डलका २ वर्षीय छोरा दीपक मण्डलको मृत्यु भएको प्रहरीले जनाएको छ।

छतमा खेल्ने क्रममा अचानक लडेर गम्भीर घाइते भएका बालकलाई उपचारार्थ राजविराजतर्फ लैजाने क्रममा बाटोमैं मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता भुवनेश्वर साहले बताए।

मृतक बालकको शव शल्यपरीक्षणका लागि गजेन्द्रनारायण सिंह अस्पतालमा राखिएको छ।

# हरिहरपुरमा उपस्वास्थ्य चौकीको शिलान्यास

प्रस, परवानीपुर, ६ फागुन/

पर्साको धोबिनी गाउँपालिका-३ हरिहरपुर टोलमा रु २५ लाखको लागतमा निर्माण हुने उपस्वास्थ्य चौकी भवनको शिलान्यास कार्यक्रम सम्पन्न भएको छ।

वडाध्यक्ष राजकिशोरप्रसाद कुर्मीले एक तले ६ कोठे उपस्वास्थ्य चौकी भवनको शिलान्यास गरेका हुन्।

सो कार्यक्रममा उनले गाउँमा स्वास्थ्यचौकीको अभाव आगामी पाँच महीनापछि समाधान हुने र स्थानीयस्तरमा औषधि उपचारमा सहयोग पुग्ने विश्वास व्यक्त गरे। कार्यक्रममा नेपाली काङ्ग्रेसका वडा सभापति वासुदेव तिवारी, ध्रुव साह कानू, मकबुल मियाँ, सत्यनारायण साह कानू, नन्दु पटेल, राजेश पटेल, उपस्वास्थ्य चौकी निर्माण गर्ने ठेकेदार रामुप्रसाद कुर्मीलगायतको सहभागिता थियो।



उपस्वास्थ्य चौकीको शिलान्यास गर्दै। तस्वीरः प्रतीक

# एभरेस्ट चिनीमिलले उखु पाएन

प्रस, महोत्तरी, ५ फागुन/

विगतका वर्षमा दैनिक ५०/६० हजार क्वीन्टल र कुनै कुनै दिन एक लाख क्वीन्टलसम्म उखु क्रसिङ गर्ने एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजले यसपालि क्रसिङको समयमा उखु पाएन। किसानको उखुको मूल्य भुक्तानीमा मिलले दुःख दिएपछि किसानले उखु नदिएका हुन्।

उखु अभावमा अहिले सो मिलले दैनिक १०/१२ हजार क्वीन्टल मात्रै उखु क्रसिङ गरेर चित्त बुझाउनुपरेको छ। मिलको क्षमता अनुसार उखु प्राप्त नहुँदा उखु क्रसिङ तथा चिनी उत्पादन हुन नसकेको मिलको उत्पादन शाखाले जनाएको छ।

अहिले चिनीमिलका कर्मचारीले नगद रुपैयाँ लिएर महोत्तरी, धनुषा, सर्लाही जिल्लाको गाउँगाउँमा उखु खरीद गर्न गए पनि किसानले मिललाई उखु दिइरहेका छैनन्।

चिनी उद्योगले उखु उत्पादकलाई उखुको रकम भुक्तानी गर्न दुई/तीन वर्ष लगाउने गरेको, पैसाको लागि आन्दोलन गर्नुपरेको र आफ्नै पैसाका लागि ज्यानसम्म गुमाउनुपरेको कारण किसानले पर्याप्त मात्रामा उखु उत्पादन नगरेको कारण मिलले उखु नपाएको उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेश सिंहले बताए।



मिललाई उधारोमा उखु बिक्री गर्नुभन्दा गाउँघरमैं सख्खर तयार गर्दा फाइदा हुने अध्यक्ष सिंहले सुनाए। उनी भन्छन्, "यस वर्ष जिल्लामा उखु उत्पादनमा ४० प्रतिशतले कमी आएको छ भने चिनीमिलको रवैयाको कारण बिस्तारै उत्पादनको परिणाम घट्दै जान थालेको छ।"

किसानले उधारोमा उखु दिंदा विगतमा कुनै बेला एकै दिन ५८ लाख क्वीन्टल उखु क्रसिङ गरेर उत्पादनमा मुलुककै पहिलो चिनी कारखाना बनेको एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजका यार्ड यस वर्ष सुनसान छ। यतिबेला नगद पैसा बोकेर खेत चहार्दा पनि चिनीमिलले उखु पाएका छैनन्।

किसानले विगतमा चिनीमिललाई दिएको उखुको मूल्य २/३ वर्ष बितिसक्दा पनि भुक्तानी भएको छैन।

उखुबालीमा लगानी गरेको ऋणको ब्याज र हर्जना ब्याजको कारण किसानले घरखेत बिक्री गर्नुपर्ने अवस्था आइसकेको महोत्तरीका किसानको दुःखेसो छ।

# सिराहामा अत्याधुनिक सिमेन्ट उद्योग

प्रस, सिराहा, ५ फागुन/

सिराहा कर्जन्हा नगरपालिकामा अत्याधुनिक प्रविधिको सौर्य सिमेन्ट उद्योग सञ्चालनमा आएको छ। करीब १५ अर्ब रुपैयाँभन्दा बढीको लगानीमा स्थापना गरिएको सिमेन्ट उद्योगले हाल परीक्षण उत्पादन शुरू गरेको छ।

'पायोनियर' शङ्कर समूह, अम्बे समूह र गोल्छा समूहको संयुक्त लगानीमा स्थापित सो उद्योगले गत माघ १९ गतेदेखि क्लिङ्कर उत्पादन गरिरहेको शङ्कर समूहका प्रबन्ध निर्देशक साहिल अग्रवालले जानकारी दिए।

उद्योगमा सिमेन्टको पनि परीक्षण उत्पादन थालिएको छ। परीक्षण उत्पादन शुरू भएकोले सो उत्पादनको गुणस्तर चिह्नका लागि आवेदन प्रक्रिया शुरू भएको छ।

उक्त उद्योगबाट ओपिसी, पिपिसी र पिएससी सिमेन्ट उत्पादन गरिने उद्योगले जनाएको छ। प्रविधिमार्फत धेरै काम गर्न सक्ने गरेर उद्योग तयार पारिएको छ। उद्योगमा रोबोटिक प्रयोगशाला भएकोले चुनढुङ्गाको उपलब्धता हुने बित्तिकै त्यसको नमूना परीक्षण स्वचालितरूपमा हुने उद्योगले जनाएको छ।

# गुडिरहेको टयाक्टरमा आगो दन्क्यो

प्रस, सर्लाही, ५ माघ/

सर्लाहीमा गुड्दै गरेको ट्याक्टरमा आगो लागेको छ। मूर्तियाबाट जीरायततर्फ जाँदै गरेको ना.१त ७२८९ नम्बरको टयाक्टरमा बरहथवा नगरपालिका-९ मूर्तियामा आगलागी भएको हो।

टयाक्टरको टेलरमा उखुको भुस लोड थियो। ११ हजार भोल्टको विद्युतको तारमा छुन गई करेन्ट लागेर आगलागी हुँदा टयाक्टरको पछाडि टेलरमा लोड भुसमा आगो दन्केको प्रहरीले जनाएको छ।

आगलागीबाट दुई लाख रुपैयाँ बराबरको क्षति भएपनि मानवीय क्षति नभएको सर्लाहीका प्रहरी प्रवक्ता मदन कुँवरले जानकारी दिए। स्थानीय बासिन्दा र प्रहरीले आगो नियन्त्रणमा लिएका थिए। टयाक्टरको भुसले अर्थिङको तारलाई उचालेर करेन्ट प्रवाह भइरहेको तारमा छोएपछि आगो बलेको र सो आगोबाट आगलागी भएको हो।

# बिहीवारदेखि देशभरि मौसम सफा हुने

काठमाडौं, ५ फागुन/रासस

बिहीवारदेखि देशभरि मौसम क्रमिकरूपमा सुधार हुने भएको छ। पश्चिमी वायुको प्रभावले विगत केही दिनयता देशका अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदलीका साथै उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपात भएको थियो।

आज रातिदेखि उक्त प्रणाली कमजोर भई बाहिरिने भएकाले बिहीवारदेखि देशभरि मौसम सफा भई राम्रोसँग घाम लाग्ने मौसमविद् समीर श्रेष्ठले बताए। उनका अनुसार यस प्रणाली सक्रिय नभएकाले ठूलो हुन सकेन। वर्षा हुनका लागि पश्चिमी वायुसँगै पर्याप्त मात्रामा जलवाष्पयुक्त हावा बहनुपर्छ।

हाल देशका उच्च पहाडी तथा हिमाली भूभागहरूमा आंशिक बदली रही अन्य भूभागको मौसम सामान्यतया सफा रहेको छ।

दिउँसो प्रदेश नं १, कर्णाली, गण्डकी र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागहरूमा आंशिकदेखि सामान्य बदली रही उच्च पहाडी तथा हिमाली भूभागका एक वा दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम -२.७ डिग्री सेल्सियस रहेको छ।

# करेन्ट लागेर बालिकाको मृत्यु

प्रस, सिराहा, ५ माघ/

सिराहामा करेन्ट लागेर १३ वर्षीया बालिकाको मृत्यु भएको छ।

जिल्लाको लहान नगरपालिका वडा नं १७ एकरतिया टोलमा बस्ने ब्रह्मदेव चौधरीकी छोरी १३ वर्षीया अनिषा चौधरीको करेन्ट लागेर मृत्यु भएको हो।

मङ्गलवार बेलुका चापाकलमा मोटर लगाइ खेतमा पानी लगाउने क्रममा करेन्ट लागेर बालिकाको घटनास्थलमैं मृत्यु भएको हो। घटनाबारे अनुसन्धान भइरहेको जिप्रका सिराहाले जनाएको छ।

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकामा हिमआँधीबाट कम्तीमा २० जनाको मृत्यु



हिमआँधीले घरमा पुऱ्याएको क्षति । तस्वीरः एपी

वाशिङ्टन, ५ फागुन/सिन्ह्वा

संयुक्त राज्य अमेरिकामा केही दिनदेखिको हिमआँधीमा परेर कम्तीमा २० जनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमहरूले बताएका छन् ।

अमेरिकी जलवायु सेवाका अनुसार दक्षिणपश्चिम टेक्सासदेखि उत्तरपूर्वी म्यासाचुसेट्ससम्मको विशाल भूमिमा ठूलै हिमआँधी आएको छ ।

टेक्सासमा मङ्गलवार अपराह्नसम्ममा ३० लाखभन्दा बढी मानिस विद्युत् सेवाबाट विमुख भएका छन् । सुगरल्यान्ड शहरमा घरभित्र बालेको आगो फैलिएर भएको आगलागीबाट मङ्गलवार बिहान एक महीना र तीन बालबालिकाको मृत्यु भएको छ ।

उत्तरी क्यारोलिनामा कम्तीमा तीनजनाको मृत्यु भएको छ भने १० जना अरू घाइते भएका छन् ।

दक्षिणी टेनेसी राज्यमा पनि एकजना १० वर्षीय बालकको हिउँले ढाकिएको पोखरीमा खसेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रतिकूल मौसमका कारण धेरैवटा कोभिड–१९ का खोपकेन्द्र पनि बन्द गर्नुपरेको छ । खोप ढुवानीमा समेत समस्या उत्पन्न भएको छ ।

अर्को हिउँदे आँधी अमेरिकाका दक्षिण तथा मध्यपश्चिमी क्षेत्रमा बुधवारदेखि शुरू हुन लागेको पनि जलवायु अधिकारीहरूले बताएका छन् । रासस

## इटालीका प्रम ड्राघीद्वारा राहत योजना सार्वजनिक गर्ने तयारी

रोम, ५ फागुन/एएफपी

इटालीका प्रधानमन्त्री मारियो ड्रागीले कोरोना भाइरसबाट प्रभावित इटालीको अर्थतन्त्रलाई जोगाउन विशेष राहत योजना बुधवार सार्वजनिक गर्ने तयारी गरेका छन् ।

युरोपेली केन्द्रीय बैंक (इसिबी)का पूर्वप्रमुखसमेत रहेका प्रधानमन्त्री ड्रागीले विश्वासको मत लिनुअघि सिनेटमा सम्बोधन गर्नेछन् ।

इटालीका सबैजसो प्रमुख राजनीतिक दलले ड्रागीलाई समर्थन जनाइसकेकाले विश्वासको मत प्राप्त गर्न उनलाई कठिन हुनेछैन ।

इटालीले ७३ वर्षीय अर्थशास्त्री ड्रागीबाट निकै बढी आशा गरेको छ ।

ड्रागीले इटालीको ३०औं प्रधानमन्त्रीका रूपमा शनिवार शपथ लिएका थिए । करीब एक महीनाको राजनीतिक खिंचातानीपछि ड्रागी इटालीको प्रधानमन्त्रीमा चयन भएका थिए ।

इटालीमा कोरोना भाइरसको महामारीबाट मृत्यु हुनेको सङ्ख्या झन्डै एक लाख पुगेको छ । बेलायत, ब्रजील र दक्षिण अफ्रिकामा देखिएको नयाँ स्वरूपको कोरोना भाइरसका कारण इटालीमाथि पनि चुनौती थपिएको छ ।

यसैबीच, इटालीको अर्थतन्त्र गत वर्षभन्दा झन्डै ९ प्रतिशतले सङ्कुचित भएको छ । युरोपेली मुलुकहरूमध्ये इटालीको अर्थतन्त्रको सङ्कुचन निकै खराब हो । यहाँ करीब चार लाख ५० हजारको रोजगार गुमेको छ, जसमा अधिकांश महिला र युवा छन् ।

फेब्रुअरी ३ मा प्रधानमन्त्रीमा चयन भएपछि दिएको संक्षिप्त मन्तव्यमा प्रधानमन्त्री ड्रागीले मुलुकका सामु उत्पन्न कठिन चुनौतीका दिनमा राष्ट्रिय एकताका लागि आग्रह गरेका थिए ।

इटालीले युरोपेली युनियनको कोरोना भाइरस पुनर्उद्धार कोषबाट २ खर्ब ४० अर्ब डलरभन्दा बढी रकम प्राप्त हुने आशा गरेको छ । तर यसको बदलामा इटालीले निकै कठिन वा अलोकप्रिय सुधारका कार्यक्रम अघि सार्नुपर्नेछ । रासस

## जापानमा कोभिड–१९ विरुद्धको खोप अभियान शुरू

टोकियो, ५ फागुन/एएफपी

जापानले कोरोनाभाइरसविरुद्धको खोप अभियान बुधवारदेखि शुरू गरेको छ । जापानी स्वास्थ्य अधिकारीहरूका अनुसार पहिलो चरणमा स्वास्थ्यकर्मीलाई खोप दिइनेछ ।

जापानले हालसम्म फाइजर कम्पनीको खोप मात्र स्वीकृत गरेको छ । बुधवार बिहान टोकियो अस्पतालमा पहिलो खोप दिएर खोप अभियान शुरू भएको हो ।

टोकियो मेडिकल सेन्टरका निर्देशक काजुहिरो आराकी जापानमा खोप लगाउने पहिलो व्यक्ति भएका छन् । खोप लगाएपछि पत्रकारहरूसँग कुरा गर्दै निर्देशक काजुहिरोले कोरोना भाइरस नियन्त्रणमा ल्याउने सबैभन्दा प्रभावकारी विधि खोप हो भन्ने ठानेर आफूले खोप लिएको बताए ।

उनले भने, "खोप लगाउँदा त्यति दुखेको अनुभूति भएन । मलाई ठीकै लाग्यो ।"

जापानले पहिलो चरणमा देशभरका ४० हजार स्वास्थ्यकर्मीलाई खोप दिने तयारी गरेको छ । तीमध्ये २० हजार व्यक्तिमा दुई डोज खोप लगाइसकेपछि उनीहरूमा खोपको प्रभावकारिता अध्ययन गरिने जापानी स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

स्थानीय सञ्चारमाध्यमका अनुसार खोप लगाइएका व्यक्तिमा कुनै नकारात्मक असर हुने, नहुने बारेमा तीन हप्तासम्म अध्ययन गरिनेछ । त्यसपछि मार्चदेखि अरू ३७ लाख स्वास्थ्यकर्मीलाई खोप दिइने तयारी सरकारको छ । अप्रिलदेखि ६५ वा सोभन्दा बढी उमेरका तीन करोड ६० लाख व्यक्तिलाई खोप दिइनेछ ।

खोप अभियानको व्यवस्थापन गरिरहेका जापानका मन्त्री तारो कोनोले आमजनतालाई खोप दिनेबारेमा अझै समय नतोकिएको बताए ।

उनले जापानका लागि आवश्यक कोभिड–१९ खोपका लागि तीनवटा प्रमुख फर्मास्युटिकल फर्मसँग सम्झौता भइसकेको जानकारी दिए । हालसम्म जापानले फाइजरको खोपलाई मान्यता दिएको छ, तर अस्ट्राजेनिकाले पनि स्वीकृतिका लागि निवेदन दिएको छ ।

जापानमा कुनै पनि खोपको स्वीकृति प्रक्रिया निकै सुस्त हुने गरेको छ किनभने खोप स्वीकृत गर्नुअघि देशभित्रै परीक्षण गरेको हुनुपर्ने व्यवस्था छ ।

बेलायत वा संयुक्त राज्य अमेरिकाको तुलनामा जापानमा कोरोना भाइरसको सङ्क्रमण कमै देखिएको थियो । जापानमा करीब चार लाख १८ हजार सङ्क्रमित हुनुका साथै करीब ७ हजार मानिसको मृत्यु भएको थियो ।

### ब्रजीलमा कोरोना भाइरसबाट मृत्यु हुनेको सङ्ख्या २ लाख ४० हजार

साओ पाओलो/सिन्ह्वा

ब्रजीलमा कोरोना भाइरस (कोभिड–१९)बाट मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको बताइएको छ । प्राप्त समाचार अनुसार मङ्गलवार मात्र ब्रजीलका २ लाख ४० हजारभन्दा बढीको यो सङ्क्रमणका कारण मृत्यु भएको पाइएको छ । ब्रजीलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार अहिलेसम्म अर्थात् मङ्गलवारसम्ममा ब्रजीलमा कोरोनाको कारण २ लाख ४० हजार १५९ जनाको मृत्यु भएको छ ।

ब्रजीलमा पछिल्ला दिनहरूमा कोभिडका कारण मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको यहाँका अधिकारीहरूले जानकारी दिएका हुन् । ब्रजील अमेरिकापछि कोरोनाबाट मृत्यु हुनेको सङ्ख्याको आधारमा दोस्रो सबैभन्दा प्रभावित मुलुक हो । ब्रजीलमा गत २४ घण्टामा १ हजार १६७ जना कोरोना भाइरसका सङ्क्रमित बिरामीको ज्यान गएको पनि सो मन्त्रालयले जनाएको छ । केही महीनायतादेखिको मृत्यु सङ्ख्या हेर्दा एकै दिनमा भएको यो सबैभन्दा धेरै मृत्यु हो ।

त्यसैगरी, गएको २४ घण्टायता मात्र गरेको परीक्षणका क्रममा कम्तीमा पनि ५५ हजारजनामा सङ्क्रमण देखिएको पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

गत सातादेखि नै यहाँका कोरोना सङ्क्रमितको सङ्ख्या ५० हजार नाघेको बताइएको छ । दक्षिण अमेरिकामा कोरोनाबाट सबैभन्दा धेरै प्रभावित बनेको ब्रजीलमा अहिलेसम्म कोरोनाका ९९ लाख २१ हजार ९९९ जना सङ्क्रमित फेला परिसकेका छन् ।

यसअघि शुरूका दिनहरूमा पनि कोरोना भाइरसको प्रकोप नियन्त्रण गर्न नसकेको भन्दै ब्रजीलका राष्ट्रपतिको आलोचना हुँदै आएको थियो । तर पछिल्लोपटक यहाँ पनि भाइरसका नयाँ प्रजाति पनि पाइएको र झन् ठूलो सङ्ख्यामा सङ्क्रमित भेटिन थालेको समाचारमा जनाइएको छ ।

### भारतमा मङ्गलवार कोभिड-१९ बाट एघार हजार छ सयभन्दा बढी सङ्क्रमित

नयाँ दिल्ली/सिन्ह्वा

भारतमा मङ्गलवार ११ हजार ६१० जना थप व्यक्तिमा कोभिड–१९ सङ्क्रमण भएपछि कुल सङ्क्रमितको सङ्ख्या एक करोड ९ लाख ३७ हजारभन्दा बढी पुगेको भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधवार जनाएको छ । साथै कोभिड–१९ सङ्क्रमितमध्ये एक लाख ५५ हजार ९१३ जनाको मृत्यु भएको छ । भारतमा हाल सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख ३६ हजार रहेको छ भने एक करोड ६ लाख व्यक्ति सङ्क्रमणमुक्त भइसकेका छन् । रासस

# सडकले जोडियो भारतको सिक्किम

पाँचथर, ५ फागुन/रासस

भारतको सिक्किम राज्य सडक मार्गबाट नेपालसँग जोडिएको छ । पाँचथरको याङ्वरक गाउँपालिका–२ चिवाभञ्ज्याङस्थित नेपाल–भारत सीमा क्षेत्रसम्म सिक्किम राज्य सरकारले सडक विस्तार गरेको हो । पुष्पलाल (मध्यपहाडी) लोकमार्गको उद्गम बिन्दु चिवाभञ्ज्याङमा सिक्किमबाट समेत सडक विस्तार भएपछि सडकमार्गबाट आवतजावत सम्भव भएको छ । सिक्किम राज्य सरकारले नेपालको सीमासम्म सडक विस्तार गर्ने कार्यलाई प्राथमिकतामा राखेको थियो ।



सोही अनुसार सिक्किम पहिलोपटक सडकमार्गले नेपालसँग जोडिएको हो । सिक्किम (भारत)ले करीब दुई हप्ताअघि सडकको ट्र्याक चिवाभञ्ज्याङमा दशगजासम्म विस्तार गरेको हो । सडकको ट्र्याक खोलिएपछि सिक्किमका स्थानीय सरकारी अधिकारी, जनप्रतिनिधिहरू तथा निर्माण व्यवसायीहरूले चिवाभञ्ज्याङ क्षेत्रको अवलोकनसमेत गरेका थिए ।

नेपालले २०७० सालमा चिवाभञ्ज्याङसम्म सडकको ट्र्याक विस्तार गरेको थियो । भारततर्फ पश्चिम सिक्किमको उत्तरे बजारसम्म वर्षौंअघि सडक आइपुगेको थियो । सिक्किमले सन् २०१९ मैं चिवाभञ्ज्याङसम्म सडक विस्तार गर्ने चर्चा चले पनि निर्माणले गति लिन सकेको थिएन । भौगोलिक कठिनाइका कारण उत्तरेबाट सीमा क्षेत्रसम्म सडक विस्तार कार्यमा ढिलाइ हुँदै आएको थियो ।

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह गोलेको सरकारले सीमासम्म सडक विस्तार गर्ने तथा उत्तरे बजारलाई व्यापारिकरूपमा विकास कार्यलाई प्राथमिकता राखे अनुसार पछिल्लोपटक निकै द्रुत गतिमा सडक निर्माण भएको सीमा क्षेत्रका नेपालीको भनाइ छ ।

विगतमा चिवाभञ्ज्याङबाट करीब चार घण्टा पैदल यात्रापछि उत्तरे पुग्न सकिन्थ्यो । सडक विस्तारपछि करीब डेढ घण्टामा चिवाभञ्ज्याङ–उत्तरे यात्रा हुन सक्ने सिक्किमको 'सिक्किम न्यूज' ले जनाएको छ । उत्तरे बजारबाट सोकपाखा, जरिबुटे, भालुवाले हुँदै सडकको ट्र्याक सीमासम्म विस्तार गरिएको हो । पछिल्ला केही वर्षमा निकै दुर्गम भूगोलमा करीब २५ किलोमिटर नयाँ ट्र्याक खोलिएको हो ।

नेपालले चिवाभञ्ज्याङसम्म सडक पुऱ्याएपछि पनि भारततर्फ सडक विस्तार नहुँदा सीमा क्षेत्रका नेपाली चिन्तित थिए । तर सीमासम्म भारतले सडक ल्याएपछि उनीहरू खुशी देखिन्छन् ।

अब चिवाभञ्ज्याङमा व्यापारिक नाका खोलिनुपर्ने तथा व्यापारिक सम्बन्ध स्थापित हुनुपर्ने उनीहरूको माग छ । "उत्तरेको विकास गर्ने भनेर सिक्किम सरकार लागिपरेको सुनेका छौं," याङ्वरक–२ का स्थानीयवासी सन्त बेघाले भने, "एकापट्टि मात्रै काम गरेर पुग्दैन ।

दुवैतर्फ व्यवस्थित सडक निर्माण र व्यापारिक नाका स्थापना हुनुपर्छ ।"

पदयात्रा सहयोगी एवं गोठ सञ्चालक डिकबहादुर राई पनि नाका खोलिनुपर्ने, आवतजावत र व्यापार सहज हुर्नेमा जोड दिन्छन् । "सीमित भएपनि सीमा क्षेत्रका हामी अधिकांश सामग्री सिक्किमबाट खरीद गर्छौं," राईले भने, "नाका खोलियो भने नागरिकलाई सुविधा त हुन्छ नै सरकारलाई समेत फाइदा मिल्छ ।" अहिले भारतबाट खरीद गरिने सामग्री यहाँसम्म ल्याइपुऱ्याउन ढुवानीमा धेरै खर्च हुने गरेको छ । सिक्किमबाट खरीद गर्न सके छोटो दूरी हुने हुँदा सामग्री कम मूल्यमा नेपाली उपभोक्ताले प्राप्त गर्न सक्छन् ।

यस्तै, सीमा क्षेत्रका पर्यटकीयस्थलहरू भ्रमण गर्ने भारतीय पर्यटकको सङ्ख्या उल्लेख्य हुने गरेको छ । सडकको सुविधा नहुँदा पर्यटकको सङ्ख्या कम हुने गरेको पदयात्रा सहयोगी राईको भनाइ छ । अहिले पनि भारततर्फ सडकको ट्र्याक मात्रै खोलिएको छ । सवारी सञ्चालनका लागि सडक कठिन भएकाले घुम्न आउनेको सङ्ख्या वृद्धि हुन सकेको छैन । व्यापारिक नाका स्थापित हुन सके भारततर्फ समेत पूर्वाधार निर्माणले गति लिने भएकाले यसका लागि कूटनीतिक पहल गरिनुपर्ने स्थानीयवासीको माग छ । नेपालतर्फ भने पुष्पलाल (मध्यपहाडी) लोकमार्गको उद्गम खण्ड ५१ किलोमिटरको कालोपत्रको ठेक्का लागिसकेको छ ।

दुवै देशका सीमा क्षेत्रका स्थानीयवासीबीच बिहेवारी हुने गरेको छ । विगतमा गोठबाट गाँसिएको साइनो पारिवारिक सम्बन्ध हुँदै दुई देशबीचको मैत्री सम्बन्धमा परिणत हुने गरेको छ । यस कारण चिवाभञ्ज्याङ नाका हुँदै आवतजावत गर्नेको सङ्ख्यासमेत उल्लेख्य हुन्छ । पारिवारिक सम्बन्ध भएपनि यातायातको सुविधा नहुँदा कैयौं सर्वसाधारणले आफन्त भेट्न पाएका थिएनन् ।

दुवै देशतर्फ सडकको स्तरोन्नति हुन सके दैनिक आवागमन अझै बढ्ने स्थानीयवासी बताउँछन् । सिक्किमको नेपालको पाँचथर र ताप्लेजुङ जिल्लासँग सीमा जोडिएको छ ।

### घाटा थेग्नै नसक्ने....

पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको यो नै पहिलो घटना भने होइन । करीब सात वर्षअघि यसरी नै मूल्य निरन्तररूपमा बढ्दै गएको थियो । नेपालमा २०७० फागुनमा पेट्रोलियम पदार्थको मूल्य अहिलेसम्मकै उच्चतम बिन्दुमा पुगेको थियो ।

त्यो समयमा पेट्रोलको मूल्य रु १४०, डिजेल तथा मटीतेलको मूल्य रु १०९ तथा हवाई इन्धन (आन्तरिक)को मूल्य रु १४३ तथा हवाई इन्धन (अन्तर्राष्ट्रिय)को मूल्य प्रतिकिलोलिटर एक हजार ४०० अमेरिकी डलर तथा एलपी ग्यासको मूल्य प्रतिसिलिन्डर रु एक हजार ४७० प्रति सिलिन्डर थियो । यो मूल्य कायम हुँदा अन्तर्राष्ट्रिय बजारमा 'ब्रेन्ट क्रुड आयल'को मूल्य १४८.९३ अमेरिकी डलर प्रतिब्यारेल थियो ।

अहिले सरकारले पेट्रोलियम पदार्थमा लागत मूल्यको शतप्रतिशतभन्दा बढी कर लगाउँदै आएको छ ।

सरकारलाई करको दर घटाउन लगाएर मूल्य स्थिर गर्नुपर्ने मागसमेत बेलाबेलामा उठ्ने गरेको छ । भारतमा भन्दा नेपालमा इन्धनको मूल्य कम हुनु तथा खुला सिमानाका कारण भारततर्फ चोरी निकासी हुने सम्भावना रहेकाले पनि निगम मूल्य समायोजन गर्नैपर्ने दबाबमा छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – खर्चवृद्धि |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुपराजय |
| धनु – सुसमाचार | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

**पटेर्वा सुगौली गाउँपालिका वडा नं ४, पर्सा बस्ने बर्साती देवीको निजी हकभोगको जग्गामा माछापोखरी निर्माण गर्ने क्रममा उत्खनन हुने ढुङ्गा, ग्रेभल, बालुवा र माटोको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनसम्बन्धी**

## सार्वजनिक सूचना

(प्रकाशित मिति : २०७७/११/०६)

२ नं प्रदेश पर्सा जिल्ला पटेर्वासुगौली गाउँपालिका वडा नं ४ मा बस्ने बर्साती देवीद्वारा निम्नबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | बर्साती देवी, पटेर्वासुगौली गाउँपालिका–४, पर्सा । सम्पर्क नं ९८४५१८७१५८ इमेल–binmahato92@gmail.com |
| प्रस्तावको बेहोराः | पटेर्वासुगौली गाउँपालिका वडा नं ४ बस्ने बर्साती देवीको निजी हकभोगको साबिक सुगौलीदाप वडा नं ६(ख) हाल पटेर्वासुगौली गाउँपालिका वडा नं ४ को कि.नं. २, ३, ४, ५, ६, ८ र ३१ को क्षेत्रफल ४–०–७.५ (बिघा–कट्ठा–धुर) जग्गामा माछापोखरी निर्माण गर्ने क्रममा उत्खनन हुने ढुङ्गा, ग्रेभल, बालुवा र माटो । |
| प्रभाव पर्न सक्ने जिल्ला/नपा/गापा | पर्सा जिल्ला, पटेर्वासुगौली गापा, वडा नं ४ । |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकीन गर्न सो स्थानको नपा/गापा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ । **राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | बर्साती देवी, पटेर्वासुगौली गाउँपालिका–४, पर्सा । सम्पर्क नं ९८४५१८७१५८ इमेल–binmahato92@gmail.com |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एन्ड ट्रेडर्स प्रालि, वीरगंज–१६, पर्सा । सम्पर्क व्यक्ति– शम्भुप्रसाद चौरसिया सम्पर्क नं ९८५१००६६४३, इमेल– shambhuprasadchaurasia@gmail.com |

# त्रिवेणी स्पिनिङ्मा बोनस विवाद: १० दिनदेखि उत्पादन ठप्प

प्रस, परवानीपुर, ६ फागुन/

त्रिवेणी समूहको धागो उत्पादन गर्ने नेपालकै अग्रणी उद्योग त्रिवेणी स्पिनिङको उत्पादन ठप्प भएको छ।



त्रिवेणी स्पिनिङ मिलका आन्दोलनरत मजदूरहरू। तस्वीरः फाइल

वीरगंज–पथलैया औद्योगिक कोरिडोरको छातापिपरामा अवस्थित उद्योगको उत्पादन गत माघ २५ गतेदेखि ठप्प भएको हो।

उद्योग व्यवस्थापन पक्षले गत आव २०७६/०७७ को बोनस नदिएकोले सूचना टाँस गर्दै मजदूर ट्रेड युनियनहरूले उत्पादन ठप्प पारी हडतालमा उत्रेका हुन्।

कारखाना श्रमिक सङ्घका नेता रूपेश यादवका अनुसार कम्पनीलाई पटक–पटक गत वर्षको बोनस दिन अल्टिमेटम दिंदा पनि व्यवस्थापन पक्षले चासो नदेखाएकोले आफूहरू हडतालमा उत्रिन बाध्य भएको बताए।

जबसम्म उद्योग व्यवस्थापन पक्षले बोनसको पैसा मजदूरको खातामा हाल्दैन, तबसम्म उत्पादन शुरू नगर्ने चारवटा मजदूर सङ्गठनबीच आपसी सहमति भएको मजदूरहरूले बताए।

एकजना मजदूरले रु २५ हजारदेखि ५० हजारसम्म बोनस पाउने देखिएको बताए।

उद्योगमा काम गर्ने १२ सय मजदूरको बोनसको रकम जोड्ने हो भने करीब रु ५ करोडको हाराहारीमा आउँछ।

कोरोनाकालमा थलिएको धागो उद्योगले गत आवको बोनस दिन सकेको छैन र चालू आवमा उद्योग चलाएर बोनस दिने तयारीमा रहेको कारखाना प्रबन्धक राजेन्द्र नाथले बताए। उनले भने– "एक महीनाअगाडि बोनसको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, बारामा छलफल हुँदा प्रत्येक मजदूरलाई बोनसबापत पेश्की रु १२ हजार दिने र उद्योग चलाउने सहमति भए तापनि मजदूरहरूले अहिले आएर हडताल गरेर उत्पादन ठप्प पारेका छन्।"

उनले उद्योगका सञ्चालक रामचन्द्र सङ्घाई (नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष)की आमाको निधन भएकोले अहिले उद्योगको समस्या समाधानमा पनि ढिलाइ भइरहेको बताए।

त्रिवेणी स्पिनिङले दैनिक ३० टन धागो उत्पादन गरी भारत र टर्कीमा निर्यात गर्दै आएको छ। त्रिवेणी समूहको त्रिवेणी टेक्सटाइल्स यसअघि बन्द भइसकेको छ।

# पत्रकार महासङ्घ बारामा तालाबन्दी

प्रस, वीरगंज, ६ फागुन/

नेपाल पत्रकार महासङ्घ बारामा



पत्रकार महासङ्घ बाराको कार्यालयमा तालाबन्दी गर्दै। तस्वीरः सौजन्य

क्रियाशील पत्रकारहरूले बुधवार तालाबन्दी गरेका छन्।

सदस्यता नवीकरण तथा नयाँ सदस्यता वितरणमा पक्षपात गरेको भन्दै नेपाल पत्रकार महासङ्घका पार्षद् सञ्जय तिवारीको नेतृत्वमा पत्रकारहरूले तालाबन्दी गरेका हुन्।

बारामा दुई दर्जन सङ्ख्याका क्रियाशील पत्रकारहरूलाई सदस्यताबाट वञ्चित गरेको भन्दै तालाबन्दी गरिएको तिवारीले बताए। कार्यक्रममा मधेसी पत्रकार समाज नेपाल बाराका अध्यक्ष अमरेशकुमार पाण्डेय, नेपाल प्रेस मञ्च बाराका अध्यक्ष अनिल वर्मालगायत थिए।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | रिलिफ सोसाइटी अफ कमर्स | कर्मवीर सम्मान | रिलिफ भवन | १४:३० |




# छाडा पशुपक्षीको कारण झगडा

प्रस, पर्सागढी, ५ फागुन/

कुखुराको कारण जगरनाथपुर गाउँपालिका–२ मा दुई पक्षबीच झगडा



छिमेकीको कुटाइबाट घाइते भएकी कोशिला देवी। तस्वीरः प्रतीक

भएको छ। गाउँघरमा कुखुरा तथा बाख्रालाई छाडा छोड्दा पशुपक्षीले छिमेकीको धान, गहुँ खाने गरेपछि दैनिकजसो झैझगडा हुने गरेको छ।

स्थानीय बिहारी महतोको बाख्राले छिमेकी कोशिला देवीको घरमा पसेर नोक्सान गरेपछि दुई छिमेकीबीच झगडा भएको थियो। झगडामा बिहारी महतो र उनका छोरा कविलास महतोले कोशिला देवीलाई निर्घात कुटपिट गरेको पीडितले बताइन्।

यस विषयमा कोशिला देवीले प्रहरी चौकी जानकीटोलामा निवेदन दिएको भएपनि प्रहरीले कारबाई गर्न चासो नदेखाएको उनले बताइन्। गाउँघरमा छाडा पशुपक्षीले छिमेकको खेत चर्ने, धान, गहुँ खाइदिने गरेको कारण यस्ता झगडा दिनदिनै हुने गरेको छ।

## ट्रकको ठक्करबाट हरिण......

प्रहरी नायब उपरीक्षक सूर्य थापाका अनुसार बिहान करीब ४:३५ बजेको समयमा रौतहटबाट नुवाकोट जाँदै गरेको ना.६ख १४६० नंको ट्रकले हरिणलाई ठक्कर दिंदा घटनास्थलमैं हरिण मरेको हो।

घटनापछि फरार भएका चालक र ट्रकलाई प्रहरीले भरतपुर महानगरपालिका–१ रामनगरबाट पक्राउ गरेको छ। नवलपरासीको देवचुली नगरपालिका–१ बस्ने २४ वर्षीय अनिल कुमाललाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका चालक र ट्रकलाई आवश्यक कारबाईका लागि जिल्ला वन कार्यालय चितवन पठाइएको थापाले जानकारी दिए।

# खेलकूदको संसार

## वाग्मतीलाई हराउँदै वीरगंज फाइनलमा प्रवेश

प्रस, बिरुवागुठी, ५ फागुन/

पर्सागढी नगरपालिका–३ बडनिहारमा जारी तेस्रो पर्सागढी गोल्डकप फूटबल प्रतियोगिताको सेमिफाइनल खेलमा वीरगंज युनाइटेड क्लब र वाग्मती युवा क्लब सर्लाहीबीच भएको थियो।



तस्वीरः प्रतीक

निर्धारित ४०/४० मिनेटको खेलमा दुवै टीमबाट गोल हुन नसकेपछि टाइब्रेकरबाट टुङ्गो लगाइएको थियो।

टाइब्रेकरमा ० का विरुद्ध ३ गोल गर्दै वीरगंज युनाइटेड विजयी भएको थियो। युनाइटेडका खेलाडी लक्ष्मण चौधरी, राकेश चौधरी, सञ्जय चौधरीले एक/एक गोल गरेका थिए।

जीतसँगै युनाइटेड फाइनलमा प्रवेश गरेको छ। आजको खेलको म्यान अफ दि म्याच युनाइटेडका गोलकीपर दिलमणि चौधरीलाई आयोजक आमोदेवी युवा स्पोर्ट्स क्लबका अध्यक्ष शम्भु दास थारूले नगदसहित सम्मान गरेका थिए।

बिहीवारको अन्तिम सेमिफाइनल खेल आमोदेवी युवा स्पोर्ट्स क्लब बडनिहार र फ्युजन फूटबल क्लब गाईघाट उदयपुरबीच हुने आयोजकले जनाएको छ।

## तेस्रो मेयर कप फूटबल प्रतियोगिता एफसी कोलगाउँ क्वाटरफाइनलमा

प्रस, निजगढ, ५ फागुन/

निजगढमा जारी तेस्रो मेयर कप फूटबल प्रतियोगितामा एफसी कोलगाउँ क्वाटरफाइनलमा प्रवेश गरेको छ।



तस्वीरः प्रतीक

बुधवार भएको खेलमा निजगढ वडा नं ९ लाई ० का विरुद्ध ४ गोल गरी कोलगाउँ क्वाटरफाइनलमा प्रवेश गरेको हो।

सो खेलको २०औं मिनेटमा कोलगाउँका विराज लामाले पहिलो गोलको खाता खोलेका थिए। त्यसैगरी, खेलको २७औं मिनेटमा सुमन मोक्तानको गोलसँगै कोलगाउँको अग्रता दोब्बर भयो। खेलको ४१औं मिनेटमा सुशील मोक्तानले अर्को गोल थपे।

निजगढ वडा नं ९ माथि एकोहोरोरूपमा हावी भएको खेलमा कोलगाउँका कप्तान बाबुराम थिङले ६३औं मिनेटमा थप १ गोल गर्दै कोलगाउँलाई ० का विरुद्ध ४ गोलअन्तरको जीत दिलाए। खेलको म्यान अफ दि म्याच कोलगाउँका कप्तान थिङ भए। प्रतियोगिता अन्तर्गत क्वाटरफाइनल खेलहरू बिहीवारदेखि शुरू हुनेछन्।

उक्त खेलको ५४औं मिनेटमा वडा नं ९ का कप्तान राजु श्रेष्ठले खेलको मर्यादाविपरीत खेलेको भन्दै रेफ्रीले रेड कार्ड देखाएपछि उनी खेलमैदानबाट बाहिरिएका थिए। उनले खेल शुरू भएको ४ मिनेटमैं पहेलो कार्ड खाए पनि सावधानीपूर्वक नखेल्दा रेड कार्ड खानुपरेको हो।

भोलि हुने पहिलो क्वाटरफाइनलमा निजगढ सिटी क्लब र सिंगौल एफसी 'ए' भिड्ने आयोजक निजगढ युवा क्लबले जनाएको छ। खेल शहीद हीरालाल रङ्गशालामा भइरहेको छ। उक्त खेलहरूमा एन्फा रेफ्रीहरू नारायण अधिकारी, महेन्द्र तामाङ, सहायक रेफ्रीमा सानु मगर र नीलकमल चौधरी रहेका छन्।



तस्वीरः प्रतीक

# कबाडी गोदाममा आगलागी

प्रस, वीरगंज, ५ फागुन/

वीरगंज–२ छपकैयास्थित दुर्गा हलनजीकै एक कबाडी गोदाममा आगलागी भएको छ।

बुधवार साँझ सवा ६ बजेको समयमा अचानक आगलागी भएकोमा साँझ ७ बजेसम्म आगलागी नियन्त्रणमा नआएको पर्सा प्रहरीले जनाएको छ।

वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक राजेशराज पुरीका अनुसार आगलागीको कारण नखुलेको र आगलागी नियन्त्रणमा लिने प्रयास भइरहेको छ। उनले लालबाबू भन्ने व्यक्तिको गोदाम रहेको र गोदामभित्र प्लास्टिकका स्क्रेप, फलामजन्य स्क्रेप रहेकोमा आगलागीबाट क्षति भएको बताए।

वीरगंज महानगरका दुईवटा वारुणयन्त्र तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनाको सहयोगमा आगलागी नियन्त्रणमा लिने प्रयास भइरहेको उनले बताए।

# विदेशी घडीसहित एक व्यक्ति

प्रस, रौतहट, ५ फागुन/

रौतहटमा लाखौं मूल्यबराबरको विदेशी घडीसहित एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ। भारतबाट अवैधरूपमा भन्सार छली मोटरसाइकलमा घडी ल्याउने क्रममा चेकजाँच गर्दा मानिससहित घडी पक्राउ परेको प्रहरीले बताएको छ।

बोर्डर आउटपोस्ट रामपुरका सशस्त्र प्रहरी हवल्दार विनोद बुढाथोकी नेतृत्वको गस्ती टोलीले ईशनाथ नगरपालिका–४ बाट गौर नपा–५ पोखरियाका १९ वर्षीय निजामुद्दीन खानलाई मङ्गलवार साँझ ७ बजे पक्राउ गरेको हो। खानबाट ना.३९प ६७८३ नम्बरको मोटरसाइकलमा भारतबाट नेपाल आउनेक्रममा १४ थान विदेशी घडी बरामद भएको सशस्त्र प्रहरी ११ नम्बर हेक्वा. गौरका प्रनाउ प्रमोद भारतीले जानकारी दिए। बरामद घडीको मूल्य २४ लाख ६३ हजार ३ सय र मोटरसाइकलको मूल्य ७५ हजार गरी कुल २५ लाख ४८ हजार ३ सय रुपैयाँ कायम गरिएको छ।

खानलाई आवश्यक कारबाहीको लागि आज जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको प्रनाउ भारतीले जानकारी दिए।